# भन्सार समाचार
# Customs News

भन्सार र वातावरण हाम्रो :प्राकृतिक सम्पदाहरूको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-४ २०६६ साल जेठ ( May-June 2009) मासिक


## सम्पादकीय

भन्सार प्रशासनले गरेको उत्साहजनक राजस्व सङ्कलनबाट भन्सार प्रशासनलाई ठूलो सुखानुभूति प्राप्त भएको छ। राजस्व सङ्कलनको प्रगतिका कारणहरू विविध छन् तर भन्सार प्रशासनमा लागु गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको योगदान महत्वपूर्ण रहेको कुरामा भने द्विमत नहोला। कठिन अवरोधहरूको बाबजुद भन्सार प्रशासन महत्त्वाकाङ्क्षी राजस्व लक्ष्य प्राप्त गर्न सफल हुनु तथा हालका दिनहरूमा भन्सार प्रशासनमा देखिएको सकारात्मक परिवर्तन र यसमा संलग्न कर्मचारीहरूको सदाचारमा क्रमशः हुँदै गएको सुधार यही प्रोत्साहन प्रणालीको परिणाम हो भन्ने तथ्य स्थापित हुँदै गएको छ। सुरुका दिनहरूमा यो प्रणाली निकै चर्चित र आलोचित रह्यो। राजश्व समूहका कर्मचारीहरूलाई मात्र यस किसिमको भत्ता किन? जस्ता सार्वजनिक मन्तव्य सबै क्षेत्र र समुदायबाट नआएका होइनन्। यस सन्दर्भमा सरोकारवर्ग र जनसमुदायलाई यसको औचित्य र मनसाय भन्सार प्रशासनले बुझाउनु असफल भएको तथ्यलाई समेत मनन गर्न जरुरी भएको छ।

राजस्व सङ्कलनमा संलग्न निकायहरूमा रहेको विकृतिहरू हटाएर प्राप्त गरिनु पर्ने सम्पूर्ण राजस्व सङ्कलन गर्ने कार्य कति चुनौतीपूर्ण हुन्छ सरोकारवर्गलाई थाहा भएकै कुरा हो। वर्तमान व्यवस्था अनुसार प्रोत्साहन भत्ता पाउनु भनेको फलामको चिउरा चपाउनु जस्तै छ। यसका कठिन परिसूचक र सर्तहरू पूरा भएमा विभाग ले विश्लेषण गरि स्वीकृत गरेपछि मात्र प्राप्त भत्ताको हकदार हुन सकिन्छ। यो भत्ता राजस्व समूहका सबै कर्मचारीले पाउँने पनि होइनन्। राजस्वको फलदायी नीति निर्माण र प्रभावकारी अनुगमनमा चौबिसै घन्टा केन्द्रमा खटिने राजस्व समूह तथा अन्य समूहका कर्मचारीले यो भत्ता पाउदैनन्। राजस्व कार्यालयस्तरमा कार्यरत सबै सेवाका कर्मचारीले निर्दिष्ट परिसूचक पूरा गर्न सकेमा मात्र भत्ता पाउँदछन्। राजस्व सङ्कलन उत्पादनमूलक भई अर्थतन्त्र बलियो भएमा अन्य कार्यक्षेत्रका कर्मचारीहरूले पनि प्रोत्साहन भत्ता वा सम्मानजनक वेतनमान पाउने भई यो विभेद क्रमशः हट्दै जाने छ। न्यून तलबमानको कारणहरूले न्यून उत्प्रेरणा भएका इमानदार कर्मचारी नयाँ जोसका साथ कार्यथलोमा जुटेका छन। राजस्व प्रशासनमा प्रचलित शब्द दस्तुरी, पिसी, ढिलासुस्ती आदि शब्दलाई सदाचार पद्धतिले प्रतिस्थापन गरेको तथ्य विभिन्न सभा समारोहमा सरोकारवालाहरूबाट मुखरित भइ रहेको पनि छ। हाल आएर प्रशासकहरू आफ्ना कर्मचारीको असल चरित्रको बारेमा खुलेर दाबी गर्न थालेका छन्। यस वस्तुस्थितिलाई क्रमशः सबै पक्ष र जनसमुदायले कमशः ग्रहण गर्दै गएको अनुभूत हुँदैछ।

चिरकाल देखिका विकृतिहरू रातारात निर्मूल हुनेछन् भनी सुखानुभूत गर्नु पनि अतिशयोक्ति हुनेछ। तसर्थ सुरुका दिनहरूमा जनसमुदायबाट यस प्रणाली प्रति उठेको विरोधको आवाज तथा सरोकारवर्गबाट समेत प्राप्त भएको मिश्रित प्रतिक्रियामा खरो उत्रिन भन्सार प्रशासनले अझै धेरै मेहनत र सुधारहरू गर्नु पर्ने देखिन्छ। साथै सरोकारवालाहरूले समेत सदाचार पद्धतिलाई सुदृढ पार्न र स्थायित्व प्रदान गर्न विकृतिहरूको खुलेर विरोध गर्न कन्जुसी देखाउन हुँदैन।

## डि.आर.पी. फिर्ता उत्साहजनक

भारत सरकारबाट नेपाल सरकारलाई प्राप्त हुने भारतीय अन्तःशुल्क फिर्ता (डि.आर.पी.) रकममा चालू आर्थिक वर्षको चैत्र महिनासम्मको प्राप्ति सन्तोषजनक रहेको छ। भारत सरकारबाट चैत्र मसान्तसम्म सो वापत रु. २,४२,७२,३४,७४४।- प्राप्त भएको छ। चालू आर्थिक वर्षको निमित्त भारतीय अन्तःशुल्क फिर्ता (डि.आर.पी.) शीर्षकमा रु.३ अर्व फिर्ता लिने लक्ष्य तोकिएको छ। यसरी अब तोकिएको लक्ष्य पूरा गर्न रु. ५७,२७,६५,२२६।- मात्र फिर्ता हुनु पर्दछ। सो बाँकि लक्ष्य चालू आर्थिक वर्षको बाँकी ३ महिनामा सहजै पूरा हुने विश्वास लिइएको छ। यस उपलब्धिलाई भन्सार विभागका महानिर्देशकको भारत भ्रमण र CBEC का अध्यक्षको नेपाल भ्रमणको परिणामका रुपमा भन्सार प्रशासनले लिएको छ।

चालू आर्थिक वर्षको पौष महिनासम्ममा डि.आर.पी. तर्फ रु. १,३४,७५,३८,५०७।-मात्र फिर्ता प्राप्त भई लक्ष्य प्राप्ति कठिन भएको हुँदा डि.आर.पी.फिर्ता प्रक्रियालाई तीव्रता दिने उद्देश्यले भन्सार विभागका महानिर्देशक वोधराज निरौलाको नेतृत्वमा एक टोली गत माघ महिनामा भारत गएको थियो। टोलीले भारतको दिल्ली स्थित Central Board of Excise and Customs (CBEC) का अध्यक्ष र सदस्यहरू तथा Directorate General of Inspection Customs and Central Excise (DGICCE) का महानिर्देशकसँग भेट गरी डि.आर.पी. प्रक्रिया छिटो, छरितो सहज र सरल बनाउने विषयमा छलफल गरेको थियो। भ्रमणको क्रममा भन्सार विभागका महानिर्देशकले CBEC का अध्यक्ष पी.सी. झालाई नेपालको सद्भावना भ्रमणको आधिकारिक निमन्त्रण समेत दिनु भएको थियो। सो निमन्त्रणालाई सहर्ष स्वीकार गर्दै CBEC का अध्यक्षले २०६५ सालको फाल्गुण २९ गते देखि चैत्र ४ गतेसम्म नेपालको भ्रमण गर्नु भएको थियो। नेपाल सरकारले डि.आर.पी.फिर्तामा तोकेको लक्ष्य अनुसारको रकम फिर्ता दिने विश्वास दिलाउनु भएको थियो।

## जाँचपास पछिको परीक्षणमा भन्सार प्रशासनको सक्रियता क्रमशः बृद्धि

आर्थिक वर्ष २०६०/६१ देखि अभ्यास सुरू गरिएको जाँचपास पछिको परीक्षण (PCA) कार्यमा भन्सार प्रशासनको सक्रियता क्रमशः बृद्धि हुदै गएको देखिएको छ। यस क्षेत्रमा भन्सार प्रशासन हाल अभ्यासको क्रममा नै रहे पनि यस क्षेत्रको अनुभव र प्रगति सन्तोषजनक भएको तथा यसले भविष्यमा स्वच्छ वैदेशिक व्यापार अभ्यास स्थापनामा ठोस योगदान पुऱ्याउने कुरा जाँचपास पछिको परीक्षण प्रशासनमा संलग्न निर्देशक लावण्य कुमार ढकाल बताउनु हुन्छ। अभ्यासको प्रथम वर्ष जाँचपास पछिको परीक्षणबाट जम्मा रु.७ लाख मात्र असुल भएकोमा सुरुआतको पाँचौं वर्ष अर्थात् गत आर्थिक वर्ष रु. ८२९४८४९/- असुल भएको थियो। चालू वर्षमा भने चैत्र मसान्त सम्ममा नै ७८९७१८०/- असुल भई कार्यसम्पादन सन्तोषजनक रहेको देखिन्छ।

आर्थिक ऐन २०६१/६१ को कानुनी व्यवस्थाबाट सुरु गरिएको जाँचपास पछिको परीक्षणको कार्यविधि हाल भन्सार ऐन २०६४ को दफा ३४, भन्सार नियमावली २०६४ को दफा २७ तथा जाँचपास पछिको परीक्षण कार्यविधि २०६५ समेतको प्रावधानहरूबाट सञ्चालित छ। उक्त प्रावधान अनुसार भन्सार कार्यालयबाट मालवस्तु जाँचपास भएको ४ वर्ष भित्रमा यस्तो परीक्षण गर्न सकिन्छ। यस परीक्षणको मुख्य उद्देश्य मालवस्तुको सहि विवरण तथा परिणाम घोषणा गरे नगरेको, यथार्थ मूल्य घोषणा गरे नगरेको तथा सही कर निर्धारण गरे नगरेको साथै विद्यमान कानुनी प्रावधानहरूको पालना गरे नगरेको परीक्षण गर्नु रहेको छ। यस्तो परीक्षणको लागि पैठारी भएका मालवस्तु वा पैठारीकर्ताको छनौट सामान्यतया Risk Profile को आधारमा गर्ने गरिएको छ।

# भन्सार समाचार
**Customs News**

**प्रकाशक**
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

**प्रमुख सल्लाहकार**
बोधराज निरौला

**सल्लाहकार**
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुल राज ज्ञवाली

**प्रधान सम्पादक**
श्याम प्रसाद दाहाल

**सम्पादक**
नीरद रेग्मी

**मुद्रण**
सूचना प्रविधि तथा आधुनिकीकरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०८
e-mail: it@customs.gov.np


## सुधार अभियानको उपलब्धि सरोकार समूहबाट अनुभूत

भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले कठिन परिस्थितिहरू सामना गर्दै महत्त्वाकाङ्क्षी राजस्व लक्ष्य प्राप्त हुँदै गएकोमा सन्तोष व्यक्त गर्नु भयो र यसको लागी सबै कार्यालय तथा विभागका कर्मचारीहरूलाई धन्यवाद दिनु भयो। उहाँले सो विचार हाले विभागको सभाकक्षमा भएको कर्मचारी बैठकमा निर्देशन दिने क्रममा व्यक्त गर्नु भएको हो। साथै भन्सारमा कार्यरत कर्मचारीहरू प्रति जनगुनासोहरू आउन बन्द नभएकोमा दुख समेत व्यक्त गर्नु भयो। उहाँले कर्मचारी बैठकमा दिनु भएको निर्देशन यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ।

"राजस्व प्रशासनलाई बढी सेवामुखी, उत्तरदायी र पारदर्शी बनाई राजस्व प्रशासनमा काम गर्ने कर्मचारहिरुको मनोबल उच्च राखी त्यस्ता कर्मचारीहरूको उत्प्रेरण बढाउने र परिणामस्वरुप राजस्व प्रशासनलाई सबैखाले विकृतिबाट मुक्त राखी वैदेशिक व्यापारलाई सहज तथा सरल तुल्याई अधिकतम राजस्व परिचालन गर्ने उद्देश्यले नेपाल सरकारले भन्सार कार्यालयमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरेको सबै कर्मचारीलाई जानकारी भएकै विषय हो। यस प्रणालीको अवलम्वन पश्चात् विगतमा सामाजिक रुपमा आलोचित हुँदै आएको नेपालको भन्सार प्रशासनको भावनामा वृद्धि हुनुका साथै यसले आफ्नो छविलाई स्वच्छ राखी यसमा कार्यरत सबै कर्मचारीहरूले नेपाल सरकारको भावना र सदासयतालाई आत्मसात गरी उच्च मनोबल र कर्तब्यनिष्ठाका साथ मन, वचन र कर्मले आफ्नो दायित्व निर्वाह गर्न आफूलाई सक्षम बनाई व्यापार सहजीकरण तथा राजस्व परिचालनमा सकारात्मक योगदान गर्ने छन भन्ने भन्सार प्रशासनको अपेक्षालाई पुन: दोहऱ्याउन चाहन्छु।

यही अपेक्षा अनुरुप भन्सार प्रशासनको इमानदारिता र कर्तव्यनिष्ठा साथै सदाचारमा क्रमश: बृद्धि हुँदै गएको संकेतहरु देखा पर्न थालेको छ। मुलुक भित्र नै विभिन्न वर्ग र क्षेत्रबाट भएको विरोध र आलोचनालाई सहेर अगाडि बढाइएको प्रोत्साहन भत्ता प्रणालीको अलि अलि गर्दै औचित्य पुष्टि हुँदै गएको महसुस हुन थालेको छ। आशा गरिए अनुसार नै भन्सार प्रशासनको सुधार अभियानको उपलब्धि सरोकार समूहले अनुभूत गर्न थालेको अनुभव हुन थालेको छ। कठिन र प्रतिकूल परिस्थितिहरूको बाबजुद भन्सार प्रशासन महत्त्वाकाङ्क्षी लक्ष्य प्राप्त गर्न सफल भइरहेको छ। यसको लागि भन्सार प्रशासनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न कर्मचारी र सरोकारवर्गप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु।

यस परिस्थितिमा यस संस्थामा काम गर्ने कर्मचारीहरूको लागि दुइवटा विकल्पहरू जसमा प्रतिष्ठित कर्मचारीको रुपमा आफूलाई प्रतिबिम्बित गर्ने वा कठोर परिणतिको भागिदार बन्ने भन्ने विभागको सन्देश पुन: स्मरण गराउन चाहन्छु।"

## महानिर्देशकबाट भैरहवा भन्सार कार्यालय निरीक्षण: कार्यालयको समग्र कामकारवाही सन्तोषजनक

भन्सार विभागका महानिर्देशक बोधराज निरौला तथा निर्देशक रामहरि अर्यालले चैत २४ गते भैरहवा भन्सार कार्यालयको निरीक्षण गर्नु भयो। निरीक्षण क्रममा महानिर्देशक निरौलाले कार्यालयको समग्र काम कारबाही सन्तोषजनक एवं उत्साहप्रद भएतापनि आगामी दिनहरूमा भन्सार प्रशासनको छविमा सुधार गर्नुको लागि सेवालाई स्वच्छ, पारदर्शी एवं मर्यादित बनाउन सदाचार पद्धतिलाई अझ गहन बनाउन गम्भीर मुद्रामा निर्देशन दिनु भयो। उँहाले चोरी निकासी पैठारी नियन्त्रण, वास्तविक कारोबारमूल्य निर्धारण, यथार्थ वस्तु वर्गीकरण, आन्तरिक लेखा परीक्षण एवं सामान जाँचपास पछिको परीक्षण जस्ता भन्सारका औजारहरूको उचित प्रयोग गर्न तथा स्थानीय प्रशासन र प्रहरी सँग उचित र प्रभावकारी समन्वय द्वारा भन्सार गस्तीलाई प्रभावकारी रूपमा सञ्चालन गरी चोरी निकासी पैठारी कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न समेत निर्देशन दिनु भयो। निरीक्षणको क्रममा महानिर्देशक निरौलाले कार्यालय प्रमुख तथा कर्मचारीहरू साथै रुपन्देही जिल्लामा कार्यरत भन्सार राजस्व गस्तीमा संलग्न नेपाल प्रहरी र सशस्त्र प्रहरीका उच्च एवं जिम्मेवार पदाधिकारीहरू सँग समेत राजस्व असुलीको अवस्था, चोरी निकासी पैठारी नियन्त्रण सम्बन्धमा अवलम्वन गरिएका कार्यनीति, सरोकारवाला एव सेवाग्राहीहरूलाई प्रदान गर्ने सुविधा जस्ता विविध विषयहरूमा विस्तृत छलफल गर्नु भयो।

## चालू आर्थिक वर्षको बाँकी लक्ष्य चुनौतीपूर्ण: भन्सार विभाग निरीक्षणमा सक्रिय

भन्सार प्रशासन चालू आर्थिक वर्षमा हालसम्म लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएपनि चालू वर्षका बाँकी महिनाहरूमा लक्ष्य अनुसारको सङ्कलन चुनौतीपूर्ण रहेको छ। यसका कारणहरूमा बन्द हडताल जस्ता लगातारका अवरोधहरू, भन्सार प्रशासन सुधारको क्रममा हुनु तथा आर्थिक वर्षका अन्तिम महिनाहरूको लागि तोकिएको लक्ष्य विगत महिनाहरूको भन्दा बढी हुनु रहेको छ। यो चुनौती सामनाको लागि भन्सार विभागले जिल्लास्थित भन्सार कार्यालयहरूको निरीक्षण कार्यलाई तीव्र तुल्याएको छ। निरीक्षणमा अन्तरनिकाय समन्वयद्वारा भन्सार गस्तीमा प्रभावकारिता ल्याई चोरी निकासी पैठारी नियन्त्रण, सुधार योजनाहरूको प्रभावकारी कार्यान्वयन, वास्तविक कारोबार मूल्य निर्धारण र यथार्थ वस्तु वर्गीकरण, प्रभावकारी आन्तरिक लेखा परीक्षण तथा जाँचपास पछिको परीक्षण, लिलामी प्रक्रिया तथा मुद्दा फैसलामा सक्रियता तथा सदाचार पद्धतिमा थप सुधार जस्ता कुराहरूलाई विशेष जोड दिइएको छ।

चैत्र महिनामा महानिर्देशक स्वयं र निर्देशक रामहरि अर्यालबाट भैरहवा भन्सार कार्यालय, निर्देशक शरदकान्त अधिकारी र शाखा अधिकृत केशवराज ढकालबाट तातोपानी भन्सार कार्यालय, निर्देशक लावण्य कुमार ढकाल र शाखा अधिकृत गणेश अर्यालबाट विराटनगर, मेची र पशुपतिनगर , सी.के.डी.राकेश कुमार त्रिपाठी र शाखा अधिकृत कुलराज ज्ञवालीबाट जलेश्वर र जनकपुर, शाखा अधिकृत मित्रराज शर्मा र प्रदीप प्रसाद गजुरेलबाट सिराहा तथा राजविराज, शाखा अधिकृत केदार कोईरालाबाट कञ्चनपुर, शाखा अधिकृत राजेन्द्र गौतमबाट गौर, शाखा अधिकृत सूर्य सेढाईबाट सर्लाही, शाखा अधिकृत नीरद रेग्मीबाट राजापुर , शाखा अधिकृत ईश्वर व्यञ्नकारबाट महाकाली भन्सार कार्यालयहरूको निरीक्षण सम्पन्न गरियो।

**चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौं। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौं।**

# भन्सार प्रशासन लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफलः सुधारका गतिविधिहरूको प्रतिफल

भन्सार प्रशासन चालू आर्थिक वर्षको चैत मसान्त सम्ममा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको छ। भन्सार प्रशासनले सङ्कलन गर्ने मुख्य राजस्वहरूमा भन्सार महसुल, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क पर्दछन्। यी तीन शीर्षकहरूमा चैत्र मसान्तसम्ममा रु.४२ अर्ब ४९ करोड १४ लाख सङ्कलन भएको छ जुन चैत्र मसान्त सम्मको लक्ष्यको तुलनामा ५.३५ प्रतिशतले बढी छ। यो असुली गतवर्ष चैत सम्मको असुलीको तुलनामा २७.४३ प्रतिशतले बढी हो।

सो कुल सङ्कलनमा भन्सार महसुल रु. १८ अर्ब ४४ करोड ५० लाख, मूल्य अभिवृद्धि कर रु. २० अर्ब ६८ करोड १८ लाख र अन्तःशुल्क रु. ३ अर्ब ३६ करोड ४५ लाख रहेको छ। यसरी गतवर्षको तुलनामा भन्सार महसुलतर्फ २५.६६ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फ २३.७३ प्रतिशत र अन्तःशुल्क तर्फ ७३.०० प्रतिशत वृद्धि हासिल भएको छ। यसका अतिरिक्त भन्सार प्रशासनले चैत मसान्त सम्ममा स्थानीय विकास शुल्क र सडक सुधार शुल्क गरी रु. २ अर्ब ७५ करोड ५९ लाख सङ्कलन गरेको छ, जुन गतवर्षको सङ्कलन भन्दा करिब रु. ५६ करोडले बढी छ। भन्सार विभागको चालू आर्थिक वर्षको भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क गरी कूल राजस्व सङ्कलनको लक्ष्य रु. ५५ अर्ब ८५ करोड रहेको छ। आगामी ३ महिनाको लागि मात्र रु. १५ अर्ब ५१ करोड ५८ लाख ८२ हजार सङ्कलन गर्ने लक्ष्य रहेको छ। चैतसम्मको असुली उत्साहप्रद भएकाले आगामी ३ महिनामा रु. १३ अर्ब ३५ करोड ८५ लाख ५७ हजार राजस्व सङ्कलन भएमा सहज लक्ष्य पूर्ति हुने देखिएको छ।

भन्सार प्रशासन लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल हुनुको श्रेय भन्सार प्रशासनमा सुधार, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली, सदाचार पद्धति, मासिक अनुगमन र निरीक्षण, प्रभावकारी चोरी पैठारी नियन्त्रण, मूल्याङ्कन प्रणालीमा गरिएको सुधार, जाँचपास पछिको परीक्षण, उद्योगी व्यापारी एवं कर्मचारीहरूको सकारात्मक पहल आदि जस्ता भन्सार प्रशासनका गतिविधिहरूमा जाने भन्सार विभागका महानिर्देशक बोधराज निरौला बताउनु हुन्छ। दीर्घकालीन सुधारका रुपमा यस आर्थिक वर्ष देखि भन्सार आधुनिकीकरणका लागि चार वर्षीय रणनीतिक योजना तयार गरी सो अनुरूप भन्सार स्वचालन र भन्सार सुधारका कार्यक्रमलाई अघि बढाइएको समेत उहाँले बताउनु भयो।

## २०६५।०६६ चैत्र महिना सम्मको कार्यालयगत तुलनात्मक राजस्व असूली विवरण

(भन्सार महशुल, मू.अ.कर र अन्तशुल्क) रु. ००० मा

| भन्सार कार्यालय | २०६५।६६ | | | | | गत आ.व.को चैत्र महिना सम्मको असुलिको तुलनामा % | आ.ब.०६५।६६ चैत्र महिना सम्मको |
|---|---|---|---|---|---|---|---|
| | चैत्र महिनाको लक्ष्य | चैत्र महिना को असुली | लक्ष्यमा असुली प्रतिशत | चैत्र महिना सम्मको लक्ष्य | चैत्र महिना सम्मको असुली | | लक्ष्यमाअसुली वृद्धि वा ह्रास प्रतिशत |
| पशुपतिनगर | 296 | 332 | 12.07 | 2423 | 3001 | 62.39 | 23.84 |
| मेची | 130061 | 144695 | 11.25 | 1008218 | 998052 | 22.08 | -1.01 |
| विराटनगर | 583110 | 602879 | 3.39 | 4298146 | 4077139 | 19.19 | -5.14 |
| सुनसरी | 4578 | 4727 | 3.26 | 28608 | 13372 | -69.14 | -53.26 |
| राजबिराज | 2633 | 0 | -100.00 | 16037 | 36313 | 379.63 | 126.44 |
| सिराहा | 1833 | 4658 | 154.16 | 12673 | 28869 | 279.51 | 127.80 |
| जनकपुर | 5260 | 9936 | 88.89 | 52145 | 65299 | 87.71 | 25.22 |
| जलेश्वर | 4610 | 11807 | 156.13 | 30819 | 61699 | 191.09 | 100.20 |
| सर्लाही | 1757 | 9317 | 430.32 | 14574 | 53038 | 403.97 | 263.93 |
| गौर | 2203 | 3865 | 75.48 | 18092 | 26235 | 115.70 | 45.01 |
| वीरगन्ज | 2621311 | 2958577 | 12.87 | 20569807 | 21515667 | 27.59 | 4.60 |
| सुख्खा बन्दरगाह | 360083 | 455937 | 26.62 | 3128781 | 3492438 | 46.23 | 11.62 |
| भैरहवा | 604225 | 769385 | 27.33 | 4473596 | 4386350 | 18.70 | -1.95 |
| कृष्णनगर | 57814 | 71118 | 23.01 | 395820 | 442593 | 34.69 | 11.82 |
| कोइलावास | 177 | 0 | -100.00 | 1236 | 0 | -100.00 | -100.00 |
| नेपालगन्ज | 112339 | 167312 | 48.93 | 855312 | 1084775 | 39.94 | 26.83 |
| राजापुर | 689 | 289 | -58.06 | 4958 | 4093 | 61.71 | -17.45 |
| कैलाली | 41162 | 44609 | 8.38 | 294887 | 273995 | 8.43 | -7.08 |
| कंचनपुर | 2160 | 3656 | 69.25 | 16563 | 24972 | 84.96 | 50.77 |
| महाकाली | 136 | 53 | -61.16 | 915 | 706 | -8.67 | -22.88 |
| त्रि.विमानस्थल | 191830 | 237542 | 23.83 | 1649232 | 2172681 | 67.06 | 31.74 |
| वैदेशिक हुलाक | 595 | 230 | -61.34 | 4575 | 3159 | -15.87 | -30.95 |
| तातोपानी | 176375 | 183083 | 3.80 | 1255700 | 1299509 | 43.61 | 3.49 |
| भोट तर्फ | 116 | | -100.00 | 812 | 254 | -55.20 | -68.72 |
| जम्मा | 4905350 | 5684007 | 15.87 | 38133926 | 40064209 | 29.63 | 5.06 |
| भारतीय अ.शु. | 266603 | 762441 | 185.98 | 2200192 | 2427234 | -0.41 | 10.32 |
| कूल जम्मा | 5171953 | 6446448 | 24.64 | 40334118 | 42491443 | 27.43 | 5.35 |
| स्था. वि. शु. | | 284001 | | | 2252658 | 24.40 | |
| सडक सु.शु. | | 71912 | | | 500656 | 29.13 | |
| अन्य कर | | 430 | | | 2640 | 251.53 | |
| कूल जम्मा | 5171953 | 6802791 | 31.53 | 40334118.1 | 45247397 | 27.30 | 12.18 |

सफल नेता हुन बोल्ने क्षमता बढि हुनु पर्दछ। सफल प्रशासक हुन सुन्ने क्षमता बढि हुनु पर्दछ। सफल व्यवस्थापक हुन यी दुइ क्षमतामा सन्तुलन राख्न सक्ने क्षमता समेत हुनु पर्दछ। - अज्ञात

प्रोत्साहन प्रणाली

# भन्सार कार्यालयहरूको कार्यसम्पादनमा सन्तोषजनक प्रगतिः

# विमानस्थल भन्सार कार्यालय सबै भन्दा अगाडि

भन्सार कार्यालयहरूको कार्यसम्पादन स्तरमा सन्तोषजनक प्रगति हुँदै गएको तथ्याङ्कले देखाएको छ। यो प्रगति प्रोत्साहन प्रणालीमा समाविष्ट विभिन्न २७ वटा कार्यसम्पादन परिसूचकहरूको गणनाको आधारमा देखिएको हो। सो सम्पूर्ण परिसूचकहरूमा कुनै भन्सार कार्यालयले पूर्णाङ्क प्राप्त गर्न सकेमा सो भन्सार कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले २०० प्रतिशत प्रोत्साहन भत्ता पाउने व्यवस्था रहेको छ। मङ्सिर महिना देखि सुरू गरिएको सो प्रणालीमा चैत्र महिनामा सम्पूर्ण २२ वटा भन्सार कार्यालयहरूले औसत ११३.५५ प्रतिशत भत्ता स्वीकृत गराउन सफल भएका छन्। सो औसत गत फागुनमा ९२.४१%, माघमा १०५.६६%, पुषमा ८४.१% र मङ्सिरमा ८६.१३% रहेको थियो। चैत्र महिनामा १७ वटा कार्यालयहरू १०० प्रतिशत नघाउन सफल भएका छन्। गत महिनाहरूमा क्रमशः

| | भन्सार कार्यालय | स्वीकृत भत्ता |
|---|---|---|
| 1 | त्रि.विमानस्थल | १७८.०० |
| 2 | नेपालगञ्ज | १५२.०० |
| 3 | सुख्खा बन्दरगाह | १५२.०० |
| 4 | कञ्चनपुर | १५१.०० |
| 5 | जलेश्वर | १४३.०० |
| 6 | जनकपुर | १४०.०० |
| 7 | कृष्णनगर | १३९.८० |
| 8 | राजविराज | १३५.०० |
| 9 | गौर | १३२.०० |
| 10 | सर्लाही | १३१.०० |
| 11 | सिराहा | १३१.०० |
| 12 | कैलाली | ११७.३० |
| 13 | वीरगञ्ज | ११६.०० |
| 14 | मेची | १०७.५२ |
| 15 | भैरहवा | १०७.०० |
| 16 | तातोपानी | १०५.१० |
| 17 | पशुपतिनगर | १०१.३२ |
| 18 | विराटनगर | ९६.७८ |
| 19 | कोइलावास | ९२.०० |
| 20 | सुनसरी | ४८.४० |
| 21 | राजापुर | २२.०० |
| 22 | महाकाली | दाबी प्राप्त नभएको |

१२, १६, ९ र १३ वटा कार्यालयहरूले १०० % नघाउन सफल भएका थिए।

चैत्र महिनामा हालसम्म को नै सबैभन्दा बढि १७८ अङ्कले त्रिभुवन विमानस्थल भन्सार कार्यालय अग्र स्थानमा रहेको छ। यस भन्दा अगाडिको उच्च अङ्क १६० रहेको थियो जुन गत मङ्सिर महिनामा यही कार्यालयले हासिल गरेको थियो। सुक्खा बन्दरगाह र नेपालगन्ज भन्सार कार्यालय १५२ अङ्क प्राप्त गरी चैत्र महिनामा दोस्रो स्थानमा रहेका छन्। गत फागुन महिनामा सुक्खा बन्दरगाह र माघ महिनामा नेपालगन्ज भन्सार कार्यालयले प्रथम स्थान हासिल गरेका थिए। चैत्र महिनामामा सबै भन्दा कम अङ्क प्राप्त गर्ने कार्यालयमा राजापुर भन्सार रहेको छ भने महाकाली भन्सारको दाबी प्राप्त भएको छैन। ठूला कार्यालयहरू मध्ये १००% भन्दा कम अङ्क हासिल गर्ने कार्यालयको रुपमा विराटनगर भन्सार एकमात्र रहेको छ।

# कञ्चनपुर भन्सार गस्तीमा सक्रियः प्रगति उत्साहजनक

कञ्चनपुर भन्सार कार्यालयले चोरि निकासी पैठारी नियन्त्रणमा उच्च सक्रियता देखाएको छ। कार्यालय प्रमुख स्वयंको नेतृत्वमा मध्य रातमा समेत गस्ती गर्ने गरिएको तथा यस कार्यमा सरोकारवाला निकायहरू सँग उचित समन्वय कायम गर्न सकिएको हुँदा प्रतिफल उत्साहजनक रहेको धारणा कार्यालयका कर्मचारीहरू बताउँछन्। यस कार्यालयले चालू आर्थिक वर्षको चैत्र मसान्त सम्ममा रु.१३ लाख ८८ हजार २७१ बाराबरका विभिन्न मालवस्तु पक्राउ गरि कारबाही गरेको छ।सो अवधिमा चोरी पैठारी अन्तर्गत जफत भएका मालवस्तु को लिलामबाट रु.७ लाख ६८ हजार ११५ राजस्व सङ्कलन भएको छ। यस समाचारपत्रको तेस्रो अङ्कमा "कार्यालय प्रमुख स्वयं गस्तीमा"

**चैत्र मसान्त सम्म पक्राउ गरिएका वस्तुको मूल्य विवरण**

| | |
|---|---|
| श्रावण | रु.४२५६५ |
| भाद्र | रु.१११३०५ |
| असोज | रु.२६८५०३ |
| कार्तिक | रु.४६३४० |
| मङ्सिर | रु.३५२२८२ |
| पुष | रु.४५२१३ |
| माघ | रु.२४८५३१ |
| फागुन | रु.८८७०७ |
| चैत्र | रु.१८४८२५ |
| जम्मा | रु.१३८८२७१ |

शीर्षकको समाचार प्रकाशन भएपछि भन्सार कार्यालयहरू गस्तीमा झन् सक्रिय भएका छन्। कञ्चनपुर भन्सारको सक्रियता पनि यसैको परिणाम त होइन भन्ने प्रश्नको जवाफमा कार्यालय प्रमुख ज्ञानेन्द्रराज ढकालले श्रावण महिना देखि पक्राउ गरिएका मालबस्तुको विवरण दिनु भयो। उहाँले आगामी दिनहरूमा कार्यालयको सक्रियता अझ बढाई सरोकारवाला सबै निकायहरू सँग उचित समन्वय कायम गरि चोरी निकासी पैठारीलाई कडाइका साथ नियन्त्रण गर्दै राजस्व सङ्कलन अझ अभिवृद्धि गरिने एवं कार्यालयबाट सम्पादनहुने नियमित कार्यहरूलाई थप प्रभावकारी बनाई आम सेवाग्राहीहरूको कार्यालयप्रतिको दृष्टिकोण स्वच्छ मर्यादित र उच्च बनाउन प्रयास गरिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो।

# नेपालगन्ज भन्सार कार्यालयका प्रमुख सेवा निर्वृत्त

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कृष्ण पौडेलले यही वैशाख ३ गते देखि ५८ वर्ष उमेर पुरा गरी उमेरको हदबाट सेवा निर्वृत्त हुनु भएको छ। उहाँले करीब २५ वर्षको सरकारी सेवा अवधिमा २४ वर्ष अर्थमन्त्रालय वा अन्तर्गत सेवा पुऱ्याई उमेरको हदले अवकाश पाउनु भएको हो। पौडेलले २०४१ साल मङ्सिर १७ गते अधिकृत स्तरको पदबाट सरकारी सेवामा प्रवेश गर्नु भएको थियो। करीब एक वर्ष सामान्य प्रशासन मन्त्रालयमा सेवा गर्नु भएपछि २०४२ साल फागुन २० गते अर्थमन्त्रालयमा प्रवेश गर्नु भएको थियो। उहाँ २०५६ सालमा उपसचिव पदमा बढुवा हुनु भएको थियो। उहाँलाई वैशाख गतेका दिन महानिर्देशक बोधराज निरौला तथा उप-महानिर्देशक लवराज श्रेष्ठको उपस्थितिमा भन्सार विभागको सभाकक्षमा एक कार्यक्रम आयोजना गरी बिदाइ गरियो। बिदाइको क्रममा महानिर्देशक र उप-महानिर्देशकले एक स्वरमा सक्षम, लगनशील, इमानदार र मिलनसार प्रशासकलाई बिदाइ गर्नु परेकोमा नरमाइलो लागेको बिचार राख्दै उहाँको उज्ज्वल भविष्यको कामना गर्नु भयो।



**A complex computer Program is nothing other than a bundle of Logics. Logic is the essence of every thing. – Unknown**

# सुक्खा बन्दरगाह भन्सार प्रति पैठारीकर्ताको आकर्षण बढ्दो क्रममा



"परम्परागत भन्सार प्रशासनमा रमेका दुवै पक्षले परिवर्तनलाई सहजै आत्मसात् गर्न सकिरहेको अवस्था छैन। यसका लागि दक्षता अभिवृद्धिसम्बन्धी तालिमलाई वार्षिक कार्यक्रममा समावेश गर्नु जरुरी छ। राजश्व सुरक्षा तथा व्यापार सहजीकरणमा प्रभावकारी भूमिका खेल्न सक्ने दक्ष र उच्च मनोबलयुक्त कर्मचारीले नै भन्सार प्रशासनको छवि सुधार्न सक्ने छन्। कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली यस कार्यालयको हकमा कोशेढुंगा सावित भएको छ।"

कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीमा गत पुष महिनामा १५९ तथा फागुनमा १५५ अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गर्न सफल सुक्खा बन्दरगाह भन्सार कार्यालयका कार्यालय प्रमुख तुलसीराम सेढाई सँग यस समचारपत्रको सम्पादन समूहबाट हालै एक अन्तरवार्ता लिइयो जसलाई जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ।

प्रश्न : कार्यसम्पादनमा यहाँको कार्यालय अग्रस्थानमा रहेको देखिन्छ, यसमा यहाँको प्रतिक्रिया के छ?

उत्तरः भन्सार विभागले यस कार्यालयलाई "नमूना भन्सार" घोषणा गरी सर्वप्रथम दुई वर्ष अघि "कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली" लागू गरेको थियो। नेपालको निजामति प्रशासनमा भएको यो नवीन प्रयोगबाट यस कार्यालयमा कार्यरत कर्मचारीहरूमा देखिएको हौसला तथा बृद्धि भएको उत्प्रेरणा र मनोबल नै यो सफलताको कारक तत्व हो। ०६५ फागुन महिनामा कार्यसम्पादन परिसूचकहरू आधारमा यो कार्यालय सबै भन्सार कार्यालय भन्दा अगाडि देखियो भने ०६५ पौषमा पनि प्रथम भएको थियो। परीक्षणको रुपमा लागू गरिएको यो प्रणालीबाट उल्लेखनीय उपलब्धि हासिल भएकाले दोस्रो चरणमा थप दुई भन्सार कार्यालयहरूमा लागू गरिनु र हाल सम्पूर्ण भन्सार कार्यालयहरूमा लागू हुनुमा यो कार्यालयको सफलताको कथा गाँसिएको जस्तो लाग्छ। यो सफलता प्राप्तिमा कार्यालयका सम्पूर्ण कर्मचारीहरूको मेहनत र लगनशीलता हो, तसर्थ टिममा कार्यरत सबै साथीहरू धन्यवादका पात्र हुनुहुन्छ।

प्रश्न : सुधारका कार्यक्रम कसरी अघि बढेका छन्?

उत्तर : मूलतः यो भन्सार तेस्रो मुलुकसँगको आयात निर्यात विन्दुको रुपमा रहेको छ। कलकत्ता पोर्टबाट सिलबन्द कन्टेनरहरू सोझै यो बन्दरगाहमा आउने र अधिकांश औद्योगिक कच्चा पदार्थ तथा बल्क सामग्री आयात हुने तथा नगण्य रुपमा निर्यात समेत हुने गर्छ। ढुवानी भाडामा हुने खर्चको भारी कटौती र कार्य सरलीकरण गर्दै सेवाग्राहीलाई द्रुत सेवा प्रदान गरी व्यापार सहजिकरणमा जोड दिइने नीतिको प्रभावकारी कार्यान्वयनले गर्दा सेवाग्राहीहरूको आकर्षण यस नाकामा बढ्दै गएको छ।

यसै आर्थिक वर्षदेखि **e-customs** को अवधारणा अनुसार **broker** तथा **selectivity module** को प्रयोग सुरुआत हुने भएकाले आधुनिक भन्सार प्रशासनको छनक देख्न र अनुभूत गर्न सकिने भएको छ।"**Our concentration : customs modernization and trade facilitation**" मूल **slogan** लाई आत्मसात् गरी कार्यसम्पादन भई रहनु, **Risk Management Unit** को गठन हुनु, **Red, Yellow,Green Channel** बाट जाँचपास गराउने सन्दर्भमा **Importer/exporter, Agent, Commodity** र **country** लाई ध्यान दिई **Check List** बनाई **Analysis** गर्ने कार्य सुरु गरिएको छ।

सुधारको नयाँ आयामको रुपमा भन्सार प्रशासनमा लागू गरिएको सदाचार पद्धतिलाई तत्काल कठोरताका साथ पालन गरी भन्सार प्रशासनको छवि सुधारमा कार्यालय प्रतिवद्ध रहको छ र यसको निरन्तरतामा सम्पूर्ण कर्मचारीहरू प्रतिवद्ध छौं। यसको प्रभावकारी कार्यान्वयनको परिणामस्वरुप लक्ष्य भन्दा औसत १२ प्रतिशत बढी राजश्व असुली भएको छ भने सेवाग्राहीमा सन्तुष्टिको तहमा समेत बृद्धि भएको छ, गुनासो शून्य छ।

त्यस्तै गरी भन्सार मूल्याङ्कनमा प्रभावकारी सुधारका लागि गरिँदै आएको कम्प्युटर डेटाबेस, र अन्तर भन्सार सूचनालाई अझ बढी प्रयोग र सुधार गरिँदै लगिएकाले मूल्यबृद्धिबाट प्राप्त भएको राजश्व उल्लेखनीय छ र यसलाई निरन्तरता दिइनेछ।

प्रश्न : चुनौती तथा समस्याहरू के कस्ता छन् र समाधानका उपायहरू के हुन सक्ने ठान्नुहुन्छ?

उत्तर : सुधारका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन नै प्रमुख आन्तरिक चुनौती रहेको छ। भन्सार आधुनिकीकरणको अभियानमा सूचना प्रविधिको उपयोग गर्न सक्ने सेवा प्रदायक र सेवाग्राही दुवै पक्षको क्षमता विकास गर्न सहज छैन। परम्परागत भन्सार प्रशासनमा रमेका दुवै पक्षले परिवर्तनलाई सहजै आत्मसात् गर्न सकिरहेको अवस्था छैन। यसका लागि दक्षता अभिवृद्धिसम्बन्धी तालिमलाई वार्षिक कार्यक्रममा समावेश गर्नु जरुरी छ। राजश्व सुरक्षा तथा व्यापार सहजीकरणमा प्रभावकारी भूमिका खेल्न सक्ने दक्ष र उच्च मनोबलयुक्त कर्मचारीले नै भन्सार प्रशासनकोछवि सुधार्न सक्ने छन्। कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली यस कार्यालयको हकमा कोशेढुंगा सावित भएको छ।

कार्यालयको आफ्नो छुट्टै प्रशासकीय भवन नहुँदा सेवाग्राहीलाई प्रवाह गर्ने सेवामा अझै सहज पार्न सकिएको छैन। २४ सै घण्टा सेवा प्रदान गर्नु पर्ने कर्मचारीहरूका लागि भन्सार क्षेत्र नजिक आवास गृह आवश्यक हुन्छ। अन्य भन्सार कार्यालयहरूमा केही हदसम्म यस्तो सुविधा उपलब्ध भए पनि यस कार्यालयमा यो सुविधा नहुँदा करिब ५ किलोमिटरबाट कर्मचारी आई सेवा प्रदान गर्नु पर्दाको समस्या जटिल रहेको छ। यसका लागि आउने बजेटमा घरजग्गाकालागि विनियोजन गरी भन्सार क्षेत्र नजिकै आवासगृह बनाउन जरुरी छ।

बन्दरगाहको सञ्चालन निजी कम्पनी हिमालय टर्मिनल प्रा.लि.ले १० वर्षको लागि लिजमा लिई गर्दै आएको छ। भारतको अर्धसरकारी रेल ढुवानी कम्पनीको अधिकांश सेयर रहेको यो टर्मिनल व्यवस्थापन कम्पनीको कार्यसम्पादनमा प्रभावकारिता नभएमा सेवाग्राहीहरुको गुनासो भन्सार प्रशासन समक्ष पनि आउने गरेको छ। समयमै कलकत्ता बन्दरगाहबाट कन्टेनर लोड भइ नेपाल आउन नसक्दा र तोकिएको १४ दिन भित्र खालि कन्टेनर फिर्ता हुन नसक्दाको डिटेन्सनको रुपमा करोडौं नेपाली रूपैयाँ विदेश जाने गुनासो सेवाग्राहीहरुको रहेको र विकर्षण पैदा हुँदै गएको अवस्था छ। यस समस्याको समाधानका लागि स्थानीय स्तरमा टि.एम.सी.सँग भन्सार कार्यालयको पहल हुने गरेता पनि सुधारको अनुभूति हुन सकेको छैन। यसका लागि केन्द्रबाट विशेष पहल र चासोको जरुरत छ।

प्रश्न : प्रोत्साहन प्रणालीका परिसूचकहरू सम्बन्धमा यहाँको प्रतिक्रिया के रहेको छ?

उत्तर : कार्यालयपिच्छे केही परिसूचकहरु फरक रहे पनि राजश्व सङ्कलनसँग सम्बन्धित परिसूचकहरू भने समान रहेका छन्। राजश्व असुलीको परिसूचकहरुमा अंकभार बढी हुनु र गत वर्षको असुलीभन्दा करिब ४० प्रतिशत चालू आ.व.को लक्ष्य बृद्धि भएको अवस्थामा लक्ष्य मात्र प्राप्त हुन सकेपनि पूरा अंक दिने व्यवस्था हुनु पर्नेमा अरू २० प्रतिशत बृद्धि भएमात्र पाउने व्यवस्थाले राजश्व सङ्कलन गर्ने महत्वपूर्ण कार्यमा संलग्न कर्मचारीहरूले २०० प्रतिशत भत्ता प्राप्त गर्नु एकातर्फ **आकाशको फल आँखातरी मर** जस्तो हुन गएको छ भने अर्कोतिर अन्य निजामति सेवा समूहमा कार्यरत कर्मचारीहरूको तारो बन्नु परेको छ। यस कार्यालयले फागुन महिनामा १५५ प्रतिशत भत्ता प्राप्त हुँदा नै प्रथम भएको अवस्थालाई हेर्दा कर्मचारीलाई अझ प्रोत्साहित गर्न परिसूचकहरु परिमार्जन हुन जरुरी देख्छु। त्यस्तैगरि भन्सार ऐन अनुसार न्यून विजकीकरण भएको मालवस्तु कार्यालयले खरिद गर्न सक्ने वा मूल्य बृद्धि गरी बृद्धि भएको मूल्यमा ५० प्रतिशत जरिवाना सहित महसुल असुल गर्नु पने भन्ने व्यवस्था रहेको छ। यी दुई कार्य एउटै केशमा एकैपटक गर्न सकिने अवस्था हुँदैन तर परिसूचकमा यी दुवै कामको लक्ष्य तोकिँदा कुन परिसूचकको काम गर्ने भन्ने दुबिधा उत्पन्न हुने र एक परिसूचकको काम गर्दा सोहीको मात्र अंक पाइने हुँदा यी दुई मध्ये कुनै एक परिसूचक हटाउनु पर्ने देखिन्छ। यस विषयमा मैले भन्सार विभागमा पहिल्यै राय प्रतिक्रिया समेत पठाइ सकेको छु।

**जाँचपास पछिको परीक्षण एक नियमित र औपचारिक कानुनी प्रक्रिया हो। यसमा सबैको सहयोगको अपेक्षा गरिन्छ।**

व्यक्तित्व परिचय

# पूर्व महानिर्देशक पद्म प्रसाद पोखरेल



श्री पद्म प्रसाद पोखरेलले २०४९ साल मङ्सिर देखि २०५१ साल असोज सम्म करिब २० महिना भन्सार विभागको महानिर्देशक पदमा सेवा प्रदान गर्नु भएको थियो। वहाँको कार्यकाल भन्सार प्रशासनमा आधुनिकीकरण र राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरूको सेवाको विशिष्टीकरणको सुरुआतको क्षणको रुपमा चिनिन्छ भने राजस्व समूहका कर्मचारीहरू उहाँलाई कर्मचारीहरूको सुरक्षामा प्रतिवद्ध प्रशासकको रुपमा सम्झना गर्दछन।

वहाँले २०३२ सालमा शाखा अधिकृतको पदबाट सरकारी सेवामा प्रवेश गर्नु भएको थियो। विशिष्ट श्रेणीको सचिव पदमा प्रधान मन्त्रीको कार्यालय, सामान्य प्रशासन मन्त्रालय, गृहमन्त्रालय हुँदै स्वास्थ्य मन्त्रालयमा सेवा गर्नु भएपछि ५ वर्षको सेवा अवधि पुरा गर्नु भई २०५७ साल चैत्र १ गते देखि अवकाश पाउनु भएको थियो। हाल वहाँ Center for Public Policy Dialogue तथा नेपाल नागरिक समाज सिनामंगल जस्ता गैह्र सरकारी संस्थाहरूको गतिविधिमा संलग्न हुनुहुन्छ। यस समाचार पत्रका सम्पादन समूहले वहाँ सँग लिएको अन्तरवार्ताको केही अंश जस्ताको तस्तै यहाँ प्रस्तुत गरिएको छ।

प्रश्नः भन्सार विभागमा रहँदाको यहाँको अनुभव र स्मरणीय क्षणहरू बताइदिनु हुन्छ की ?

उत्तरः तत्काल कायम रहेका भन्सार महसुलका धेरै दरहरूलाई कम गर्दै राजस्व असुलीमा तीव्र बृद्धि गर्नु पर्दाका क्षणहरू र छोटी भन्सार कार्यालयहरूमा कर्मचारीहरू पठाउने अप्ठेरालाई मूल मै दरबन्दी मिलाई मूल भन्सार कार्यालयले छोटीमा पालो गरेर पठाउने कार्य सानो कार्य रहेपनि सुधारका दृष्टिले महत्वपूर्ण रह्यो। मुख्य मुख्य भन्सार कार्यालयहरूमा भन्सार प्रकृयालाई कम्प्युटरकृत गर्ने, राजस्व समूह निर्माण, भन्सार ऐन संशोधन आदि अविस्मरणीय क्षण रहे तथा कर्मचारीहरूलाई सुरक्षा प्रदान गर्ने अनुभव पनि रह्यो।

प्रश्नः सेवा निवृत्त समय कसरी व्यतीत गर्दै हुनुहुन्छ?

उत्तरः निवृत्त समयको कार्यसम्पादन कुनै वर्गीकरण गर्न सकिने किसिमको छैन। जीवनको यो समय Bonus Period जस्तो लाग्छ, जसरी समय खर्च गरेपनि Accountable परिवार भित्र बाहेक हुन नपर्ने। तर केही समय सामाजिक गतिविधि र उत्तरदायित्वको लागि समर्पण गर्ने गरेको छु।

प्रश्नः वर्तमान भन्सार प्रशासनलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ? भन्सार प्रशासनलाई युगानुकुल परिवर्तन गर्न केही सुझाव दिनुहुन्छ कि?

उत्तरः भन्सार प्रशासनमाथि धेरैको खास अभियोग हुन्छ। विना मूल्याङ्कन गरिने यस्तो अभियोगबाट भन्सार प्रशासन मर्माहत भएको हुन्छ। तर हाल भन्सार प्रशासनमा समय सापेक्ष सुधार भएको सुन्दा राम्रो लाग्छ। युगानुकुल परिवर्तन खास सम्भव नहोला, सुधारोन्मुख छविलाई निरन्तरता दिने र एयरपोर्ट भन्सारलाई राजस्व वृद्धिको केन्द्र नबनाइ गुण्टा झिटी सामान छुटाउने प्रकृयामा केन्द्रीत बनाउदा राम्रो हुन्छ।

## सिलबन्द ट्रक कन्टेनरबाट ढुवानी गर्ने सम्बन्धी भन्सार विभागको सूचना

चालू आर्थिक वर्ष २०६५।६६ को बजेट वक्तव्यमा भैरहवा, वीरगञ्ज, सुक्खाबन्दरगाह, विराटनगर र मेची भन्सार कार्यालयहरूबाट जाँचपास भई काठमाडौं अन्तिम गन्तव्य भएका मालबस्तुहरू सिलबन्द ट्रक कन्टेनरमा सिल लगाई ढुवानी गर्नुपर्ने व्यवस्था छ। माथि उल्लिखित ५ वटा भन्सार नाकाहरूबाट जाँचपास भई काठमाडौं अन्तिम गन्तव्य भएका मालवस्तुहरू आगामी जेठ १ गते देखि अनिवार्य रुपमा सिलबन्द ट्रक कन्टेनरबाट मात्र ढुवानी गर्न पाउने भएकोले व्यापारी, उद्योगी, ढुवानी व्यवसायी, मालवाहक सवारी धनी लगायत सम्बन्धित सबैले सिलबन्द ट्रक कन्टेनर मार्फत ढुवानी गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौं। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौं।

–भन्सार विभाग

भन्सार प्रक्रिया

# जाँचपास पछिको परीक्षण (Post Clearance Audit- PCA)

## १. अवधारणाः

वैदेशिक व्यापारमा संलग्न व्यापारीले सामान पैठारी गर्दाको बखत सरकारलाई बुझाउनु पर्ने राजस्व निर्धारण गर्ने प्रयोजनको लागि घोषणा गरेको कारोबार मूल्य, गरेको वस्तु बर्गिकरण, पेस गरेको कागजात तथा पुरा गरेको प्रक्रियाहरूको यथार्थता पुष्टि गर्न भन्सार जाँचपास प्रक्रिया पुरा भइ सामान छुटेपछि पैठारीकर्ताको कारोबार स्थलमा नै गइ कारोबारको परीक्षण गर्ने व्यवस्था वा कार्यलाई नै जाँचपास पछिको परीक्षण भनिन्छ। यसमा खासगरी घोषणा गरेको कारोबार मूल्यलाई वस्तु पैठारीको लागत, सो वस्तु बिक्री गर्दा जारी गरेको बिल बीजक, बैंकीङ्ग कारोबार तथा हर हिसाबसँग भिडाइ सो कारोबार मूल्यको सत्यता यकिन गर्ने गरिन्छ। यसरी यो वस्तुको यथार्थ मूल्य भन्दा कम मूल्य देखाई राजस्व छल्ने प्रथालाई नियन्त्रण गर्ने सशक्त माध्यम हो यस प्रणालीमा व्यापारीलाई पहिले विश्वास गर्ने अनि विश्वासको परख गर्ने ( Prima facie confidence, trade verification) भन्ने मान्यता अनुरूप मूल्याङ्कन प्रणालीलाई वास्तविक बनाउन कानुनी रुपमा नै नियन्त्रण एवं सन्तुलनको व्यवस्था गरिएको हुन्छ।

WTO/GATT Valuation System ले पनि भन्सारको मूल्याङ्कन प्रणाली यथार्थ कारोबार मूल्यमा आधारित होस भन्ने मनसायले जाँचपास पछिको परीक्षणलाई एक उचित र सशक्त माध्यमको रुपमा स्विकार गरेको छ। अतः यो प्रणाली व्यापारीलाई दुख दिन अनावश्यक रुपमा लादिएको वा नाजयज राजस्व असुलीका लागि अपनाएको विधि नभएर इमानदार व्यापारीको स्वच्छ कारोवारको रक्षा गर्ने उपाय वा विधि हो भन्ने कुरा वैदेशिक व्यापारमा संलग्न व्यक्तिहरूले बुझ्न जरुरी भएको छ।व्यापार सहजीकरणमा यसको सशक्त योगदान हुने तथ्य सर्वस्वीकार्य छ। **जाँचपास पछिको परीक्षण एक नियमित र औपचारिक कानुनी प्रक्रिया हो।यसमा कसैको सम्मानमा आघात पुऱ्याउने कुनै मनसाय निहित छैन, बरु यो आफ्नो कारोबारको स्वच्छता देखाउने अवसर भने अवश्य पनि हो।**

## २. कानुनी आधारः

यस व्यवस्थाको कानुनी आधार भन्सार ऐन २०६४ को दफा ३४ तथा भन्सार नियमावली २०६४ को नियम २७ को प्रावधान तथा जाँचपास पछिको परीक्षण कार्यविधि २०६५ हो जस अनुसार भन्सारबाट सामान जाँचपास भएको ४ वर्ष भित्र पैठारीकर्ताको कारोबार स्थलमा नै गएर कारोबारको विस्तृत जाँच गरिन्छ।

## ३. उद्देश्यः

- भन्सार ऐन नियम तथा सम्बद्ध अन्य कानुनको परिपालन गर्न प्रोत्साहन गर्ने।
- व्यापार सहजिकरण बृद्धि गर्ने।
- राजस्व चुहावट नियन्त्रण गर्ने।
- कारोबारको यथार्थता निश्चितता गर्ने। भन्सार प्रक्रियामा पारदर्शिता बृद्धि गर्ने।

## ४. विद्यमान स्थितिः

नेपालको भन्सार प्रशासनमा जाँचपास पछिको परीक्षणको सुरुआत आर्थिक वर्ष २०६०/६१ मा भएको हो। सुरुआत भएपछि यो कार्य भन्सार कार्यालयहरू तथा भन्सार विभागबाट सम्पादन हुँदै आएको छ जसको हालसम्मको प्रगति निम्नानुसार रहेको छ।

### आ.व. २०६०/६१ देखि चालू आ.व.को चैत्र मसान्त सम्ममा विभागबाट सम्पन्न गरिएको जाँचपास पछिको परीक्षणको प्रगति विवरण

| आ.व. | PCA भएको संख्या | PCA बाट असुल गर्नुपर्ने भनी औल्याइएको रकम | सम्पादन गर्ने निकाय |
|---|---|---|---|
| ६०/६१ | १०७ | ७०००००/- | विभाग तथा कार्यालयबाट |
| ६१/६२ | १०९ | ५७४०००/- | विभाग तथा कार्यालयबाट |
| ६२/६३ | १०१ | ४८०७७२/२५ | विभाग तथा कार्यालयबाट |
| ६३/६४ | १५५ | ११०३३१८/७५ | विभाग तथा कार्यालयबाट |
| ६४/६५ | १९५ | ७३५०२०१/- | विभागबाट |
| | १३ | ९४४६४७/५८ | कार्यालयबाट |
| ६५/६६ | १४६ | ६८१७४७३/- | विभागबाट |
| | ९ | १०७९७०७/- | कार्यालयबाट |

### चालू आ.व.को चैत्र मसान्त सम्ममा विभागबाट सम्पन्न गरिएको जाँचपास पछिको परीक्षणको विवरण

| सि नं | सामानको मुख्य विवरण | कुल बिजक मूल्य | असुल उपर गर्न ठह्याइएको रकम |
|---|---|---|---|
| १ | Bathroom Fittings & Fixtures | 6678.24 | 789726.5 |
| २ | Chewing Gum | 45600 | 2100109.85 |
| ३ | Pant (Including) | 2208 | 31218.31 |
| ४ | Polished Tiles | 24373.44 | 318564 |
| ५ | Shoes | 28669 | 150484.1 |
| ६ | Baggage | 13047.6 | 920288.31 |
| ७ | Blankets | 39188 | 471824.78 |
| ८ | Rechargeable Batteries | 29700 | 821170.37 |
| ९ | Readymade Garments | 27831 | 1153086.9 |

विगतका वर्षहरूमा विभाग तथा कार्यालयहरूबाट सम्पादन गरिने जाँचपास पछिको परीक्षणको संख्यात्मक लक्ष्य मात्र तोक्ने गरिएकोमा यसको पत्रकारिताको लागि चालू आर्थिक वर्ष देखि संख्याको साथै असुल गर्नुपर्ने राजस्वको लक्ष्य समेत तोक्न थालिएको छ।जसको विवरण तलको तालिकामा अध्ययन गर्न सकिन्छ।

**कुर्सीको उचाइ जति बढि हुन्छ त्यति नै बढि देखिन्छ, तर ठम्याइ र समय मध्ये कुनै एक गलत भएमा उचाइको अर्थ हुँदैन- अज्ञात**

## आ.व.२०६५।६६मा जाँचपास पछिको परीक्षणबाट असुल गर्नुपर्ने राजस्व रकमको न्यूनतम लक्ष्य

| सि.नं. | कार्यालय | लक्ष्य संख्या | PCA बाट असुल गर्नुपर्ने राजस्व रकमको न्यूनतम लक्ष्य | सि.नं. | कार्यालय | लक्ष्य संख्या | PCA बाट असुल गर्नुपर्ने राजस्व रकमको न्यूनतम लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | मेची भन्सार कार्यालय | ३५ | ८०००००।०० | १३ | भैरहवा भन्सार कार्यालय | ४५ | १००००००।०० |
| २ | तातोपानी भन्सार कार्यालय | ४५ | २००००००।०० | १४ | कृष्णनगर भन्सार कार्यालय | १८ | २०००००।०० |
| ३ | त्रि.वि. भन्सार कार्यालय | ५५ | १५०००००।०० | १५ | नेपालगंज भन्सार कार्यालय | १८ | ३०००००।०० |
| ४ | विराटनगर भन्सार कार्यालय | ४५ | १००००००।०० | १६ | कैलाली भन्सार कार्यालय | १२ | ४५०००।०० |
| ५ | सुनसरी भन्सार कार्यालय | १४ | १५०००।०० | १७ | कंचनपुर भन्सार कार्यालय | १४ | २००००।०० |
| ६ | सिरहा भन्सार कार्यालय | १४ | १५०००।०० | १८ | पशुपतिनगर भन्सार कार्यालय | ८ | ८०००।०० |
| ७ | जनकपुर भन्सार कार्यालय | १४ | १५०००।०० | १९ | राजविराज भन्सार कार्यालय | ८ | ८०००।०० |
| ८ | जलेश्वर भन्सार कार्यालय | १४ | २००००।०० | २० | कोइलावास भन्सार कार्यालय | ८ | ८०००।०० |
| ९ | सर्लाही भन्सार कार्यालय | १४ | १५०००।०० | २१ | महाकाली भन्सार कार्यालय | ८ | ८०००।०० |
| १० | गौर भन्सार कार्यालय | १४ | १५०००।०० | २२ | राजापुर भन्सार कार्यालय | ८ | ८०००।०० |
| ११ | वीरगंज भन्सार कार्यालय | ५० | १८०००००।०० | २३ | भन्सार विभाग कार्यालय | २४ | ५००००००।०० |
| १२ | सुख्खा बन्दरगाह कार्यालय | ४५ | १२०००००।०० | | जम्मा | ५३० | १५०००००००।०० |

**कार्यालय परिचय**

# सुख्खाबन्दरगाह भन्सार कार्यालय




नेपालको अर्थतन्त्रमा भन्सार प्रशासनको धेरै महत्वपूर्ण स्थान रहेको छ। आयातमुखी राजश्व संरचना भएकोले भन्सार प्रशासन राष्ट्रिय अर्थतन्त्रको सशक्त मेरुदण्डको रुपमा देखापरेको छ भने यसले औद्योगिकीकरण, बाणिज्य तथा व्यवसायलाई दिशा दिन समेत सहजकर्ताको भूमिका वहन गर्नु परेको छ।यसै सन्दर्भमा भूपरिवेष्टित देश नेपालमा विद्यमान ढुवानी खर्चलाई कटौती गर्ने सन्दर्भमा समुन्द्री बन्दरगाह देखि रेलमार्गको माध्यमबाट नेपालसम्म जोड्ने सुक्खा बन्दरगाहको सुरुआत को रुपमा सुक्खा बन्दरगाह भन्सार कार्यालयको स्थापना भएको हो।

सुक्खाबन्दरगाह भन्सार कार्यालय विधिवत् रुपमा २०६१ साल श्रावण १ गते देखि कार्यान्वयनमा आएको हो। वीरगञ्ज भन्सार कार्यालयबाट कर्मचारीहरू दैनिक रुपमा खटिई जाँचपास सम्बन्धी कार्य गर्दै आएकोमा २०६१ पौष २७ गते देखि छुट्टै कार्यालयको रुपमा आफ्नो काम कारबाही सञ्चालन गर्दै आइरहेको छ।

यस भन्सार कार्यालयबाट मुख्यतया औद्योगिक कच्चा पदार्थहरू जस्तैः प्लास्टिक ग्रेनुअल्स, माल्ट, स्क्रयाप, तोरी, सोडियम सल्फाईट, कास्टिक सोडा आदि आयात हुन्छन् भने व्यापारिक वस्तु तर्फ चीनी, सुकुमेल, सुपारी, केराउ, चकलेट, चुइँगम, प्रशोधित खजुरको तेल, साबुन आदि मुख्य छन्। निकासी तर्फ भने चीनी, पेपर पल्प, हाजमोला क्यान्डी आदि निकासी हुन्छन् ।

यस कार्यलयको आफ्नो छुट्टै कार्यालय भवन नभएकाले हिमालयन टर्मिनल प्रा.लि.ले उपलब्ध गराएको ७/८ कोठाहरूबाट कार्यालयका सम्पूर्ण प्रशासनिक तथा अन्य कार्यहरू सञ्चालन गरिएका छन्। सुरुका दिनहरूमा वीरगञ्ज भन्सार कार्यालयबाट केही कर्मचारीहरू कार्य सञ्चालन गरिएकोमा हाल निम्न बमोजिम कर्मचारी दरबन्दी स्वीकृत भएको छ।

प्रमुख भन्सार अधिकृत..१
भन्सार अधिकृत ........३
नायब सुब्बा.............१०
कम्प्युटर अपरेटर ......५
लेखापाल................१
खरिदार ................७
सह लेखापाल ........१
एक्सरे अपरेटर ........१
सवारी चालक ....... २
कार्यालय सहयोगी......५

उपरोक्त स्वीकृत दरबन्दीमा प्रमुख भन्सार अधिकृत १, भन्सार अधिकृत, ना.सु.४, खरिदार १, रेडियो टेक्निसियन १, कम्प्युटर अपरेटर ५ , लेखापाल १ , सवारी चालक २ , कार्यालय सहयोगी ३ समेत जम्मा २१ वटा पद मात्र पूर्ति भैं वाकी पदहरू खाली नै रहेका छन्।

सार्वजनिक विदाका दिन आधा दिन कार्यालय खुला रहने यस कार्यलयले निर्धारण गरेको कार्य समय निम्न रहेको छ

| बिहान ०९ - १२ | १२ - १३ | १३ - १७.३० |
|---|---|---|
| मूल्याङ्कन, प्रज्ञापन दर्ता, कम्प्युटर इन्ट्री, फारम तोक, बैंक ग्यारेन्टी तथा पासबुक फुकुवा | खाना खाने समय | मालसामानको भौतिक निरीक्षण एवं महसुल निर्धारण तथा जाँचपास |

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्सः४२५९८०८